**निर्णय नं. १**

**नगरपालिका वडा नं.१० मा बहुउद्देश्यीय रंगशाला निर्माण सम्बन्धमा :** यस नगरपालिकाको वडा नं.१० मा बहुउद्देश्यीय रंगशाला निर्माण सम्बन्धी छलफल हुँदा सो रंगशाला निर्माणका लागि हाल तयार भएको गुरुयोजना (Master Plan) स्वीकृत गरियो । साथै बहुउद्देश्यीय रंगशाला निर्माणका लागि आवस्यक डी.पी.आर. (DPR), माटो परीक्षण (Soil Test) प्रतिवेदन र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन समेत तयार गरी रंगशाला निर्माण गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २**

**आगामी आ.व. २०७५।०७६ को वजेट तर्जुमा सम्बन्धमाः** छलफल हुँदा नगरपालिकाका प्रत्येक वडामा रु. ८० लाख सिलिङ तोकि देहाय बमोजिमको मार्गदर्शनका आधारमा वडा स्तरीय योजना तर्जुमा प्रक्रिया अगाडि बढाउन वडा कार्यालयहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**(क) लक्षित समूह वजेट तथा कार्यक्रम**

(१) बालबालिका (बालमैत्री स्थानीय शासन कार्यक्रमलाई समेट्ने) / अपाङ्ग

- वजेट ५ लाख,
- योजना सङ्ख्या ३ वटा,
- सम्बन्धित वडाको बालसञ्जासँग समन्वय गर्ने,

(२) महिला

- वजेट ५ लाख,
- योजना सङ्ख्या ३ वटा,

(३) आदिवासी जनजाति/जेष्ठ नागरिक / दलित

- वजेट ५ लाख,
- योजना सङ्ख्या ३ वटा,

(४) मर्मत संभार आपतकालिन कोष

- वजेट २ लाख,

**(ख) भौतिक पुर्वाधार तथा प्रवर्द्धनात्मक वजेट तथा कार्यक्रम**

- वजेट ६३ लाख,
- न्यूनतम ५ लाखको योजना मात्र तर्जुमा गर्ने,

**(ग) नगरपालिका र उपभोक्ताको ५०।५० प्रतिशत लागत सहभागितामा २ वटा योजना**

**(घ) सांसद विकास कोषका लागि १ वटा योजना**

**(ङ) प्रदेश सरकारका लागि ठुला योजनाहरु २ वटा योजना**

**(च) नेपाल (संघीय) सरकारका लागि ठुला योजनाहरु २ वटा योजना**

**निर्णय नं. ३**

**नगरपालिका क्षेत्रभित्र सञ्चालित खानी तथा क्रसर एवं फिरफिरे उद्योग सम्बन्धमा :** यस गोदावरी नगरक्षेत्रमा अनुमति लिई सञ्चालनमा रहेका खानी, ढुङ्गा, गिटी र वालुवा लगायत क्रसर एवं फिरफिरे उद्योगहरुको सम्पुर्ण कागजातहरुको छाँयाप्रति ७ दिन भित्र उपलब्ध गराउन सूचना प्रकाशित गरी माग गर्ने र नियमित भए नभएको सम्बन्धमा एकिन गरी नियमन गर्ने निर्णय गरियो । साथै सवै कागजात प्राप्त भएपछि नगरस्तरको विशेष अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो ।

गोदावरी नगरपालिका, बज्रबाराही, ललितपुर, २०७३

२०७५।१।१६

**४. विविध :**

(क) साविकमा जिल्ला समन्वय समितिको कार्यालय, ललितपुर मार्फत ठेक्का लगाई उठाईदै आएको जिल्ला निकासी कर हाल स्थानीय सरकार सञ्चालन ऐन, परिच्छेद ३ अन्तरगत गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य अधिकारसँग सम्बन्धित दफा ११, उपदफा 'घ'(६) र उपदफा 'प' बमोजिम स्थानीय तहले लगाउनु पर्ने विद्यमान कानुन बमोजिम राजश्व परामर्श समितिको सिफारिस र साविक जिल्ला समन्वय समितिको कार्यालय, ललितपुरबाट स्वीकृत दररेटलाई आधार मानी यस गोदावरी नगरक्षेत्र भित्र स्थानीय निकासी कर (ढुङ्गा, गिटी, बालुवा र माटो लगायतका पदार्थमा) लगाउने निर्णय गरियो ।

(ख) चालु आ.व. ०७४/७५ मा नगरसाभाबाट नेपाल सरकारबाट अनुदान पाउन योग्य क्यान्सर, मृगौला पीडित जस्ता रोगीहरुको उपचार अनुदान उपशीर्षकमा विनियोजित रकम अपुग भएकोले आगामी नगरसभाबाट अनुमोदन हुने गरी नगरपालिका कोषबाट रू.५,००,०००/- विनियोजन गर्ने निर्णय गरियो ।

(ग) यस नगरपालिका क्षेत्रभित्रका खानेपानी तथा पानीजन्य सवै उद्योगहरुलाई नगरपालिकामा व्यवसाय दर्ता तथा नविकरण गरी उद्योगहरुलाई करको दायरामा ल्लाउने र व्यवस्थित नियमन गर्ने निर्णय गरियो ।

(घ) यस नगरपालिकाको आगामि आर्थिक वर्ष २०७५/७६ को बार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धमा सम्पुर्ण सल्लाहकारहरुलाई नगरपालिकामा मिति २०७५ जेठ मसान्तसम्म राय सुझाव उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो ।

(ङ) नगरपालिकाको विधेयक समितिबाट छलफल भई पारित गरी कार्यपालिका समक्ष पेश हुन आएको "गोदावरी नगरपालिकाको शिक्षा कार्यविधि, २०७५" थप परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

(च) गोदावरी नगरपालिका वडा नं. ५ साविक लेले गा.वि.स. वडा नं. ४ कित्ता नं. ७, ८, १४, १५, १६, १७ र ३२ मा २०७२ वैशाख १२ र २९ गतेको विनाशकारी भुकम्पको कारण पहाड चर्की पहिरो खसी ठूलठूला ढुङ्गा र भग्नावशेष थुप्रिएर व्यक्तिगत निजी जग्गा र खोला समेत पुरिएको हुँदा उक्त ढुङ्गा, गिट्टी र भग्नावशेष पन्छाउन सोही वडा निवासी मदनबहादुर तामाङको निवेदन, वडाकार्यालयबाट सिफारिस साथै अन्य स्थानीय जनताको माग समेत आएको हुँदा त्यसमा निम्नानुसारको न्युनतम कर लिई ठेक्का बढाबढमा सो ढुङ्गा, गिट्टी र भग्नावशेष पन्छाउने निर्णय गरियो ।

<u>**तपसिल**</u>

१. वातावरण प्रदुषण शुल्क रू.१,००,०००/-

२. स्थानीय पूर्वाधार मर्मत शुल्क रू.२,००,०००/-

३. निकासी कर जिल्ला समन्वय समितिबाट निर्धारित दररेट बमोजिम ।

(छ) यस नगरपालिकाको आगामि आर्थिक वर्ष २०७५।७६ को बार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धमा सम्पुर्ण सल्लाहकारहरुलाई नगरपालिकामा मिति २०७५ जेठ मसान्तसम्म राय सुझाव उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो ।

(ज) नगरपालिकाको विधेयक समितिबाट छलफल भई पारित गरी कार्यपालिका समक्ष पेश हुन आएको "गोदावरी नगरपालिकाको शिक्षा ऐन, २०७५" थप परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

गोदावरी नगरपालिका बज्रवाराही, ललितपुर २०७३

२०७५/०२/०६

(झ) नगरपालिकासँगको सहकार्यमा नेशनल हस्पिटल एण्ड क्यान्सर रिसर्च सेन्टर प्रा.लि.ले यस नगरपालिकाको वडा नं. ९ छम्पीस्थित २ कित्तामा रहेको करिब १५ रोपनी सरकारी प्रती जग्गामा नेशनल हस्पिटल एण्ड क्यान्सर रिसर्च सेन्टर निर्माण तथा सञ्चालन गर्न र नेपाल आर्ट भिलेजले संसारको सवैभन्दा अग्लो भैरवको मुखाकृत भएको धातुको मूर्ती सहित आर्ट भिलेज निर्माण गर्नका लागि यस नगरपालिकाको वडा नं. ९ छम्पीस्थित करिब २५० रोपनी जग्गा उपलब्ध गराउन नगरपालिकामा अनुरोध भई आए बमोजिम उक्त कार्यको लागि सार्वजनिक निजी साझेदारी (Public Private Partnership) पद्धतीमा उल्लेखित जग्गा उपलब्ध गराउने निर्णय गरियो । साथै नेशनल हस्पिटल एण्ड क्यान्सर रिसर्च सेन्टर प्रा.लि. र नेपाल आर्ट भिलेजसँग नगरपालिकाले छुट्टाछुट्टै सम्झौता गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय समेत गरियो ।

(ञ) यस नगरपालिकाको वडा नं. ८ स्थित वडा कार्यालय भवनमा शौचालय निर्माण गर्न रु ५ लाख बजेट नगरपालिका कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

(ट) चालु आर्थिक वर्ष २०७४।७५ को योजना सम्झौता गर्ने निर्धारित म्याद सकिएको तर सबै योजनाहरु सम्झौता भई नसकेको परिस्थिति बारेमा छलफल हुँदा आगामि २०७५ साल जेठ १० सम्म योजना सम्झौता गर्न म्याद थप गर्ने निर्णय गरियो ।

गोदावरी नगरपालिका
बज्रबाराही, ललितपुर
२०७३